सुरक्षित भविष्यका लागि सञ्चय कोष

# सञ्चय कोष

बर्ष २ : अंक : ५, २०७१, श्रावण, भाद्र, आश्विन

# कोष ५३ औं वर्षमा प्रवेश

कर्मचारी सञ्चय कोषले आफ्नो सेवाको ५२ वर्ष पुरा गरी २०७१ भाद्र ३१ देखि ५३ औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा कोषको केन्द्रीय कार्यालय पुल्चोक परिसरमा आयोजित एक भव्य कार्यक्रमको कोष सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख अतिथि दुर्गानिधि शर्माले कार्यक्रमको समुदघाटन गर्नु भयो ।

कार्यक्रममा कोष सञ्चालक समितिका सदस्यहरू, विभिन्न वित्तीय संस्थाका आमन्त्रित महानुभावहरू, कोषका पूर्व कर्मचारीहरू, सञ्चार प्रतिनिधिहरू, कोषमा कार्यरत कर्मचारीहरू एवं २०७० सालको एसएलसी परीक्षामा उत्तिर्ण कोष कर्मचारीका छोराछोरीहरुको उपस्थिति थियो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि शर्माले आगामी दिनमा सञ्चयकर्ता कर्मचारी तथा तिनमा आश्रितका लागि आवास, स्वास्थ बीमा, शिक्षा जस्ता सामाजिक सुरक्षाका आधारभूत पक्षहरूतर्फ ध्यान केन्द्रित गरी छुट्टै पहिचान बनाउन कोष व्यवस्थापन सततः प्रयासरत रहेको बताउनु भयो । उहाँले करिब ४ लाख ९० हजार सञ्चयकर्ताको धरोहरको रुपमा रहेको कोषसँग झण्डै १ सय ७ अर्ब रुपैयाँ सञ्चित रहेको व्यहोरा अवगत गराउनु भयो । उक्त पुँजीको सुरक्षा सुनिश्चित गर्दै यसको विवेकपूर्ण परिचालनबाट प्राप्त प्रतिफलसमेत सञ्चयकर्ताहरूलाई उपलब्ध गराउँदै सामाजिक सुरक्षा प्रदान गर्ने कार्यको जिम्मेवारी यस संस्थाले कुशलतापूर्वक निर्वाह गर्दै आइरहेको र यसमा कुनै कमी आउन नदिनेमा जोड दिनु भयो ।





सो अवसरमा कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले गत वर्षको कोषको प्रगति विवरण प्रस्तुत गर्दै कोषका कार्यहरुलाई निष्पक्ष र परिमाणमुखी व्यवस्थापनको माध्यमले सुदृढ संस्थाको रुपमा स्थापित गर्न अग्रसर रहेको बताउनु भयो ।

प्रशासक आचार्यले निजी क्षेत्रमा कार्यरत १० लाख संस्थागत रोजगार र स्वरोजगारलाई समेत सञ्चय कोष लगायतका सामाजिक सुरक्षाका सुविधाबाट लाभान्वित गराई कोषलाई सामाजिक सुरक्षा प्रदान गर्ने सक्षम सँस्थाको रुपमा विकास गर्न लागी परेको जानकारी समेत गराउनु भयो। 'राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको समाजिक सुरक्षण संस्थाको रुपमा स्थापित गर्ने, कोषको दुरदृष्टि रहेको छ ।

सो अवसरमा सञ्चालक प्रा.डा. कमलराज ढुङगेल, आमन्त्रितहरूका तर्फबाट सिटिजन इन्टरनेशनल बैंकका सीईओ राजन सिंह भण्डारी र कोषका पूर्वकर्मचारीहरूका तर्फबाट शशि विक्रम राणाले पनि शुभकामना मन्तव्य दिनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा सञ्चालक श्री प्रताप सिंह थापा, कृष्णप्रसाद शर्मा र ताराध्वज पाण्डेद्वारा २०७० सालको एसएलसी परीक्षामा उत्तिर्ण कोषमा कार्यरत कर्मचारीका छोराछोरीहरूलाई पुरस्कार वितरण गर्नु भएका थियो । साथै वार्षिकोत्सवमा आयोजित विभिन्न विधाका खेल प्रतिष्पर्धामा विजयी तथा सहभागीहरूलाई प्रमाणपत्र एवं मेडलसमेत प्रदान गर्नु भएको थियो । त्यस्तै, कोषको सेवामा लामो समयदेखि सेवारत कर्मचारीहरूलाई दीर्घसेवा पदक पनि प्रदान गरिएको थियो ।

# कोषको ब्याजदरमा परिमार्जन

कर्मचारी सञ्चय कोषले सञ्चयकर्तालाई सञ्चित कोष रकममा दिने र कर्जा सापटीमा लिने वार्षिक ब्याजदरमा परिमार्जन गरेको छ। परिमार्जित ब्याजदर अनुसार सञ्चय कोष रकममा सञ्चयकर्तालाई हाल प्रदान गरी आएको ८ प्रतिशत ब्याजदरलाई परिमार्जन गरी ७.५ प्रतिशत कायम गरिएको छ। यसैगरी, सञ्चयकर्तालाई विशेष सापटीमा लिइने ब्याजदर हाल कायम रहेको ९.५ प्रतिशतलाई परिमार्जन गरी ९ प्रतिशत कायम गरिएको छ। सेवामूलक सापटीको रुपमा सञ्चयकर्तालाई प्रदान गरी आएको घर सापटी र शैक्षिक सापटीमा साविक ब्याजदर ९.७५ प्रतिशत रहेकोमा हाल ९ प्रतिशत कायम गरिएको छ। त्यस्तै सरल चक्र कर्जामा साविक ब्याजदर ११ प्रतिशत रहेकोमा हाल १० प्रतिशत कायम गरिएको छ।

सेवामूलक सापटीको नियमित रुपमा ब्याज नतिर्ने सञ्चयकर्तालाई १ प्रतिशत अतिरिक्त ब्याज लाग्ने व्यवस्था गरिएको छ। परिवर्तित ब्याजदर ०७१ साउन १ गतेदेखिनै लागू भइसकेको छ। वित्तीय बजारमा देखिएको तरलता, मुद्दती निक्षेपको ब्याजदरमा आएको कमी, लगानीको अवसरमा देखिएको संकुचनका कारण कोषको आयमा आएको कमी, परियोजना कर्जाहरुको प्रतिष्पर्धात्मक बजारका कारण ब्याजदरमा आएको गीरावटलाई दृष्टिगत गरी कोष सञ्चालक समितिले ब्याजदर परिमार्जन गरेको हो।

## अध्यक्ष शर्माको भारत भ्रमण

कर्मचारी सञ्चय कोष सञ्चालक समितिका अध्यक्ष दुर्गानिधि शर्मा सहितको एक प्रतिनिधि मण्डलले गत असोजमा इम्प्लोइज प्रोभिडेन्ट फन्ड अफ ईन्डिया (ईपीएफओ-ईन्डिया) को अध्ययन अवलोकन भ्रमण गरेको छ।

ईपीएफओ-ईन्डियाको आमन्त्रणमा भएको उक्त भ्रमणमा भारतका केन्द्रीय श्रम मन्त्री श्री नरेन्द्रनाथ तोमर र श्रम सचिव श्रीमती गौरी कुमारसँग औपचारिक भेटवार्तासमेत भएको थियो। सो अवसर मा मन्त्री तोमरले भारत सरकारको तर्फबाट कोषलाई सदैव आवश्यक सहयोग प्राप्त भइरहने आश्वासन प्रतिनिधि मण्डललाई दिनु भएको थियो। भ्रमणको औपचारिक कार्यक्रमबीच ईपीएफओ-ईन्डियाका कमिसनर श्री के.के जलान र नेशनल एकेडेमी फर ट्रेनिङ एन्ड रिसर्च इन सोसियल सेक्युरिटिजका निर्देशक श्री आर.के कुक्रेजा दुवैले दुई पक्षीय संस्थाबीच आपसी सहयोग र सद्भाव रही रहने धारणा व्यक्त



गर्नु भएको थियो। प्रतिनिधि मण्डलमा सञ्चालक द्वय श्री प्रतापसिंह थापा, प्रा.डा. कमलराज ढुङ्गेल एवं समिति सचिव श्री श्रीराम शेखर अधिकारी पनि संलग्न हुनुहुन्थ्यो।

## कोष र कोरियन नेशनल पेन्सन सर्भिसबीच सम्झौता हुने



कर्मचारी सञ्चय कोष र कोरियाको नेशनल पेन्सन सर्भिसबीच समूहगत क्रियाकलाप सम्बन्धी समझदारी सम्झौतामा हस्ताक्षर हुने भएको छ। कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य नेशनल पेन्सन सर्भिसद्वारा सञ्चालित 'ट्रेनिङ कोर्स अन पब्लिक पेन्सन इन एसिया/प्यासिफिक' मा सहभागी रहँदा उक्त समझदारी बनेको हो। सेप्टेम्बर २२ देखि २३ सम्मको कार्यक्रममा कोष र नेशनल पेन्सन सर्भिस अफ द रिपब्लिक अफ कोरियाबीच निबृत्तिभरण योजना सम्बन्धी सूचना आदान प्रदानका साथै शिक्षा, तालिम, अनुसन्धान र प्रविधि हस्तान्तरण जस्ता विषयमा समूहगत क्रियाकलापका साथै सम्बन्धित विषयमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने सम्बन्धमा समझदारी बनेको थियो। यस सम्बन्धी सम्झौतामा दुवै संस्थाबीच निकट भविष्यमै हस्ताक्षर हुने जनाइएको छ। प्रशासक आचार्य कोरियामा रहँदा आईसीडी कोरिया पोलिसी, हेल्थ एन्ड सोसियल पोलिसी प्रोग्रामको आयोजनामा सम्पन्न नवौं 'पेन्सन एक्सपर्ट मिटिङ इन एसिया प्यासिफिक रिजन' मा पनि सहभागी हुनु भएको थियो।

# नयाँ कर्मचारी पदस्थापन

विभिन्न मितिमा भिन्नभिन्न पदका लागि कोषद्वारा सञ्चालित खुला प्रतियोगितात्मक परीक्षाको अन्तिम चरणमा उत्तिर्ण भइ सफल हुने उम्मेदवारहरुलाई पदस्थापनका लागि सिफारिस गरिएको छ ।

यसरी पदस्थापन गरिएका कर्मचारीहरुमा तह ९ वरिष्ठ प्रवन्धक (चार्टर्ड एकाउण्टेन्ट) मा श्री विमल डंगोल, बरिष्ठ शाखा अधिकृत (कम्प्युटर ईञ्जिनियर) मा श्री आदर्श भट्टराई र कृष्ण सुवेदी तथा महिलातर्फ श्री सलिना डंगोल, शाखा अधिकृत (कम्प्युटर) मा श्री भुपेन्द्र सिंह बोहरा, महिलातर्फ श्री निर्मला शर्मा, सब ईञ्जिनियरमा श्री मनोज पोखरेल र शंकर सुवेदी तथा महिलातर्फ श्री अम्बिका के.सी. अधिकारी हुनुहुन्छ ।

# परिचय पत्रको आवश्यकता

संचयकर्ता कर्मचारीहरुलाई कोषसंगको प्रत्येक व्यवहारमा आफ्नो परिचयपत्र कार्ड र परिचयपत्र नम्बर आवश्यक पर्छ ।

कोषबाट प्रदान गरिने सापटी भुक्तानी सुविधा लगायत अन्य सूचना सम्वन्धी जानकारीको लागी पनि अनिवार्य परिचयपत्र आवश्यक हुन्छ । कोषमा पठाइने कोष तथा सापटी कट्टी फाँटवारीमा समेत सम्बन्धित कार्यालयले कर्मचारीको परिचयपत्र नम्बर राख्न छुटाउनु हुँदैन । परिचयपत्र नम्बर फरक परेमा अबिलम्व कर्मचारीले आफ्नो कार्यालयको लेखाशाखा र कोषमा सर्म्पक राखि सच्याउनु पर्दछ ।

# पोखरा शाखाबाट २३ करोड साँवा व्याज असुल

कर्मचारी संचय कोष शाखा कार्यालय पोखराले आ.ब.२०७०।०७१ मा विभिन्न शीर्षकमा प्रवाह भएको कर्जामा करीब २२ करोड ९६ लाख ५५ हजार रुपैयाँ सावाँब्याज असुल गरेको छ ।

सो अवधिमा कार्यालयले ११६ जना संचयकर्ता कर्मचारीलाई १६ करोड ९८ लाख १७ हजार रुपैयाँ घर सापटी प्रवाह गरेको थियो । उक्त शाखाले ७ हजार ६८ जना संचयकर्ता कर्मचारीलाई बिशेष सापटी ७६ करोड २८ लाख ६८ हजार रुपैयाँ प्रवाह गर्नुका साथै सेवाबाट अवकाश हुने २ हजार कर्मचारीहरूको १४ करोड २ लाख ३६ हजार संचयकोष भुक्तानी गरेको थियो ।

कार्यालयले सामाजिक सुरक्षा अन्तर्गत कल्याणकारी सुविधा १२ लाख ५० हजार ९ जनालाई, काजक्रिया खर्च अनुदानतर्फ २३ जनालाई ५ लाख ८३ हजार र दूर्घटना क्षतिपूर्तितर्फ ५ जनालाई ५ लाख रुपैयाँ पनि प्रदान गरेको थियो । शाखाले "सबै रोजगारलाई संचय कोष" भन्ने अभियानअर्न्तगत १८ वटा नयाँ संघसंस्थाका करीव ५ सय कर्मचारी तथा कामदारको कोषकट्टी रकम जम्मा गर्ने सम्झौता समेत भएको कार्यालय प्रमुख विष्णु पौडेलले जानकारी गराउनु भएको छ ।

कोषको सेवा सुविधा जानकारी गराउने क्रममा पौडेलले कोषले गण्डकी मेडिकल कलेज, नयाँबजार पोखरामा संचयकर्ता कर्मचारीलाई कोषको परिचयपत्रको आधारमा परीक्षण शुल्कमा ५०।–,भर्ना शुल्कमा १००।–, एक्सरेमा कम्तीमा १० प्रतिशत, ल्याब परीक्षणमा कम्तीमा १० प्रतिशत र औषधीमा ५ प्रतिशत छुटको ब्यवस्था मिलाएको बताउनु भयो । कोषले दूर्घटना क्षतिपूर्ति तर्फ १ लाख, काजकिया खर्चतर्फ २५ हजार र औषधोपचार शीर्षकमा बढीमा ३५ हजारसम्म कोषमा आबद्ध संचयकर्ता कर्मचारीलाई सहुलियत प्रदान गर्दै आएको छ ।

# कोहलपुरमा कोषको नयाँ शाखा




कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरुको सुविधालाई ध्यानमा राखेर स्थानीय स्तरमा नै कोषको सेवा सुविधा उपलब्ध गराउन बाँकेको कोहलपुरमा नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ ।

शाखा कार्यालयको उद्घाटन गत भदौ २९ गते कोष सञ्चालक समितिका अध्यक्ष दुर्गानिधि शर्माले गर्नु भएको थियो । उद्घाटन अवसर मा कोषका प्रशासक कृष्णप्रसाद आचार्य लगायत कोषका उच्चपदस्थ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

कोहलपुरमा सञ्चालन भएको शाखा कार्यालयले सञ्चयकर्ताको सञ्चय कोष कट्टी र कम संकलन, विशेष सापटी तथा सेवाबाट अवकाश पश्चात कोष रकम भुक्तानी, औषधोपचार, काजकृया अनुदान लगायतका सामाजिक सुरक्षा सुविधा, परिचयपत्र समर्थन, घरसापटी लगायतका सुविधा प्रदान गर्ने छ ।

# संचयकर्ता सरलचक्र कर्जा

**परिचय**

संचयकर्ताहरुको सेवाकालीन भैपरी आउने विविध आवश्यकता पूर्तिमा सहयोग पुगोस भन्ने अभिप्रायवाट कोषले सञ्चयकर्ता सरल चक्र कर्जा २०६८ लागु गर्दै आइरहेको र उक्त कार्यक्रमलाई अझ व्यवस्थित गर्न सञ्चयकर्ता सापटी कार्यविधि २०७० लागु भइ हाललाई सो कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चयकर्ता कर्जा तथा असूली विभाग ठमेलबाट कोषले तोकेको क्षेत्रको घर जग्गा धितो लिई सरल चक्र कर्जा प्रवाह भै रहेको छ ।

**ऋणको उद्देश्य**

कर्मचारी सञ्चय कोष ऐन (संशोधन सहित) २०१९ को दफा १९ (छ) बमोजिम कोषको सुरक्षालाई ध्यानमा राखी कोषमा संकलित रकमको उचित व्यवस्थापन तथा परिचालन गरी सञ्चयकर्तालाई देहायको आवश्यकता पूर्ति गर्न सहयोग पुगेको छ ।

– सञ्चयकर्ताहरुको शिक्षा, स्वास्थ, आवास, मर्मत संभार, सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पुरा गर्न ।
– सापटीको स्वीकृत सीमामा रही आवश्यकता अनुरुप सञ्चयकर्तालाई सुविधा प्रदान गर्न ।

**सरलचक्र कर्जा प्राप्त गर्न सक्ने सञ्चयकर्ता**

– कम्तीमा २ (दुई) वर्षसम्म नियमित कोष कट्टी भएको ।
– उमेरको आधारमा ५ वर्ष एवम पदावधिको आधारमा ३ वर्ष सेवा अबधी बाँकी भएको ।
– घर सापटी र शैक्षिक सापटी लिएका सञ्चयकर्ताले त्यस्ता सापटी चुक्ता नगरेसम्म सरलचक्र कर्जा प्रदान गरिने छैन ।
– कुनै सञ्चयकर्ताले एकपटक लिएको कर्जा निर्धारित अवधि भित्र वा सो भन्दा अगावै चुक्ता गरेमा पुनः चक्रकर्जा प्राप्त गर्न सक्ने छ ।

**सरलचक्र कर्जाको सीमा**

– मूल्यांकनले खामेसम्म अधिकतम सीमा बीस लाख रुपैयाँ र न्यूनतम सीमा पाँच लाख रुपैयाँ हुने छ । एक पटकमा एक लाख रुपैयाभन्दा कम भुक्तानी हुने छैन ।
– सरलचक्र कर्जा स्वीकृत भएको मितिले दुई वर्षसम्ममा सापटीको अधिकतम सीमा उपयोग नगर्ने सञ्चयकर्ताको हकमा उपयोग गरेको सापटीको रकमलाई कर्जाको अधिकतम सीमा कायम गरिने छ ।

**सरलचक्र कर्जाको अवधि**

– उमेरको आधारमा पाँच वर्ष र पदावधिका आधारमा तीन वर्ष ।
– सरल चक्र कर्जा लिएका सञ्चयकर्ताले प्रत्येक वर्ष कर्जाको ब्याज भुक्तान गरेमा स्वतः कर्जा नविकरण हुने छ ।

**सरलचक्र कर्जाको ब्याज र ब्याज भुक्तानी प्रक्रिया**

– ऋणीले ब्याज त्रैमासिक रुपमा (आश्विन, पौष, चैत्र र आषाढ मसान्त भित्र) भुक्तानी गर्नु पर्ने छ ।
– एक आर्थिक बर्षको भाका नाघेको ब्याजमा अर्को आर्थिक बर्ष प्रारम्भ भएपछि नियमित ब्याजका साथै थप ब्याज समेत लाग्ने छ ।
– सरलचक्र कर्जा चुक्ता गर्नु पर्ने अवधि अगावै सेवाबाट अलग भएमा ऋण अवधि एक बर्ष भन्दा कम छ भने सोही अवधि र एक बर्षभन्दा बढी ऋण अवधि बाँकी रहेमा एक वर्ष अवधि कायम गरी ऋणको साँवाब्याज चुक्ता गर्नुपर्ने छ ।

**सरलचक्र कर्जाको सुरक्षण**

– सञ्चयकर्ताले कोषले तोकेको क्षेत्रको कोषलाई मान्य हुने अचल सम्पत्ति कर्जाको सुरक्षणका लागि उपलब्ध गराउनु पर्नेछ ।
– सुरक्षण दिंदा निवेदकले आफनो वा श्रीमती वा श्रीमान्/श्रीमतीको संयुक्त नाम वा एकाघरको सदस्यको नाममा रहेको घरजग्गा वा अपार्टमेण्ट कोषको नाममा दृष्टिबन्धक पारित गरिदिनु पर्नेछ ।
– सञ्चयकर्ताले लिएको सरलचक्र कर्जा र सो मा लाग्ने ब्याज पूर्ण रुपमा चुक्ता भएपछि कोषमा धितो पास गरेको घरजग्गा फुकुवा हुने छ ।

– कोषले तोकेको महानगरपालिका, उपमहानगरपालिक तथा नगरपालिका भित्र तथा सो संग जोडिएको गा.वि.सहरुमा कम्तीमा दुई आना दुई पैसा वा पाँच धुर र अन्य गा.वि.सको हकमा चार आना वा साढे सात धुरभन्दा कम जग्गामा सापटी प्रदान गरिने छैन ।
– कोषमा धितो रहने सम्वन्धित घरजग्गा सम्म पुग्ने बाटोको हकमा काठमाण्डौ उपत्यका भित्र न्यूनतम ८ फिट र उपत्यका बाहिरका शाखा कार्यालयको क्षेत्र भित्र न्यूनतम १२ फिटको बाटो हुनु पर्दछ ।
– धितो राखिने घर जग्गाको संरचनागत रुपमा स्पष्ट सिमांकन गरिएको हुनुपर्नेछ ।

**धितोको मुल्यांकन**

– घर/अपार्टमेन्टको कोषले निर्धारण गरेको दररेट बमोजिम मूल्यांकन हुने ।
– घर, अपार्टमेण्ट खरिद बिक्री गर्ने सरकारी/निजी कम्पनीले निर्धारण गरेको लागत खर्चभन्दा बढी ऋण रकम प्रदान गरिने छैन ।
– जग्गाको हकमा सरकारी मुल्यको ४० % र बजार मुल्यको ६० % का दरले मूल्यांकन हुने छ ।
– धितो मूल्यांकन गर्दा हाइटेन्सन नजिक नदी नाला, खोला, भीरपाखा आदिमा नभएको तथा डिप्रेस ल्याण्डलाई मूल्यांकनमा समावेश गरिने छैन ।
– जग्गाको वट्टा मूल्य (Distress value) र घरको मूल्यको योगमा कम्तिमा ४० प्रतिशत मार्जिन राखी घर जग्गाको वास्तविक मूल्यांकन कायम गरिने छ ।

**बीमा**

– ऋणीले सम्पूर्ण जोखिम ब्यहोर्ने गरी घर वा अपार्टमेण्टको कोषले तोकेको बीमा कम्पनीवाट कोषको नाममा बीमालेख खरिद गर्नु पर्नेछ ।
– ऋणीले बीमा पोलिसी वार्षिक रुपमा नवीकरण गरी कोषमा पेश गर्नु पर्नेछ ।

**मुल्यांकन शुल्क, सेवा शुल्क र अन्य खर्च**

– सरलचक्र कर्जा लिने सञ्चयकर्ता कर्मचारीहरुले सेवा शुल्क बापत रु ५००/कोषमा बुझाउनु पर्ने छ ।
– धितोको लागि राखिने घर जग्गाको मूल्यांकनका लागि तीन हजार रुपैया (मु.अ.करवाहेक) मूल्यांकनकर्तालाई सञ्चयकर्ताले वुझाउनु पर्ने छ ।
– कोषको कार्यालय रहेको जिल्ला र उपत्यका वाहेक अन्य जिल्लामा गई मुल्यांकन गर्दा थप एक हजार रुपैया लाग्ने छ ।
– सञ्चयकर्ताको धितो रहने जग्गा वा घरजग्गा वा अपार्टमेण्टको मूल्यांकन गर्ने प्रयोजनका लागि अन्य जिल्लामा जानु पर्ने भएमा मूल्यांकनकर्ताको यातायात खर्च समेत सम्वन्धित सञ्चयकर्ताले ब्यहोर्नु पर्ने छ ।

**दृष्टिबन्धक पारित गर्नुपर्ने**

– दृष्टिवन्धक रजिष्ट्रेशन पारित गरी रोक्का राख्ने प्रयोजनको लागि मालपोत कार्यालयमा जानका लागि निवेदक, धितो दिने व्यक्ति अचल सम्पत्तिको धनीपुर्जा, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद, नागरिकताको प्रमाणपत्र, कोषले प्रदान गरेको परिचयपत्र लगायतका कागजातहरु सक्कलै लिई कोषमा उपस्थिति हुनुपर्ने छ ।

**सरलचक्र कर्जाको फिर्ता भुक्तानी तथा असुली प्रक्रिया**

– ऋण रकम पूर्ण चुक्ता गर्न १० बजे देखि ३ बजेसम्म कोषको ठमेलस्थित हिमालयन बैंकमा रहेको कोषको खाता नं ०१९०००२२९८०१०८ मा नगद जम्मा गर्न सकिने ।
– आंशिक रकम बुझाउनुपर्दा सञ्चयकर्ता कर्जा तथा असूली विभागवाट प्राप्त हुने बैङ्क भौचर भरी कोषको पुल्चोकस्थित कम्पाउण्डमा रहेको Nepal Investment Bank मा कोषको खाता नं००४०१०१०२५४३७३ वा ठमेल भवनमा रहेको Himalayan Bank मा रहेको कोषको खाता नं ०१९०००२२९८०१०८ मा आफ्नो परिचयपत्रं र ऋण नम्बरसमेत उल्लेख गरी रकम बुझाउनु पर्ने छ ।
– क.सं. कोष पुल्चोकस्थित नेपाल इन्भेष्टमेण्ट बैंक वा ठमेल स्थित हिमालयन बैंकमा बुझाउन अनुकुल नहुने ऋणी संचयकर्ता कर्मचारीहरुले Nepal Investment Bank को जुनसुकै शाखाबाट कर्मचारी संचय कोष पुल्चोकको खाता नं ००४०१०१०२५४३७३ मा जम्मा हुने गरी आफ्नो ऋण नम्बर, कोषको परिचयपत्र नं उल्लेख गरी सरलचक्र कर्जा बापत बुझाएको ब्यहोरा उल्लेख गर्ने र सो रकम बुझाएको भौचरको प्रतिलिपि सञ्चयकर्ता कर्जा तथा असूली विभागमा पठाउन सकिने छ ।
– विशेष सापटी रकमवाट सरल चक्र कर्जामा रकमान्तर गर्न सकिने छ ।

**ऋणको लागि पेश गर्नुपर्ने कागजातहरु**

क) निबेदकको नागरिकता र क.सं. कोषको परिचयपत्रको प्रतिलिपि

ख) धितो राखिने जग्गाको लालपुर्जा र चालु आवको मालपोत तिरेको रसिदको प्रतिलिपि/नयाँ नापी भएको भए श्रेस्ता अद्यावधिक भएको हुनुपर्ने ।

ग) नगरपालिकावाट पास भएको घरको नक्सा तथा नक्सा पास पुर्जाको प्रतिलिपि ।

घ) जग्गाको फिल्ड नक्सा (BLUE PRINT) र चारैतर्फको कित्ता उल्लेख भएको प्रमाणित सक्कल ट्रेसपेपर ।

ङ) जग्गा प्राप्तीको स्वामित्वको (राजिनामा, बकस, अंसबण्डा इत्यादि) प्रतिलिप ।

च) धितो रहेको जग्गामा घर भएको खण्डमा सम्वन्धित मालपोत कार्यालयवाट घर भएको प्रमाणित गरेको....पत्रको प्रतिलिपि

छ) गा.वि.स.को हकमा सम्वन्धित गा.वि.स. वाट घर वनाउन दिएको स्वीकृति पत्रको प्रतिलिपि साथै घरको ....प्रमाणित नक्सा ।

ज) आय श्रोत खुलेको कागजातको प्रतिलिपि

झ) जग्गाधनीको नागरिकताको प्रतिलिपि

ञ) निवेदकको एकाघरको परिवार सँगको नाता प्रमाणित कागजातको प्रतिलिपि

ट) कोषको स्वीकृति प्राप्त बीमा कम्पनीवाट धितोमा रहेको घरको बीमा गरेको बीमा लेख ।

ठ) चार किल्ला खुलेको सक्कलै पत्र (न.पा. भित्र भए वडा कार्यालयको/गा.वि.स.भित्र भए गा.वि.स.को बाटोको ...चौडाई समेत खुलेको पत्र) ।

ड) धितो राखिने जग्गा, घर जग्गा वा अपार्टमेण्ट रहेको स्थानको लोकेशन म्याप ।

ढ) अवकाश मिति खुलेको पत्र ।

**सरलचक्र कर्जाको साँवा ब्याज नियमित नगरेमा वा नियमानुसार चुक्ता नगरेमा हुने कानूनी कारवाही**

- कोषले धितो लिएको घरजग्गा कब्जा गर्न सक्ने ।
- धितो कब्जा गरी लिलाम बिक्री गर्न सक्ने ।
- धितो लिलाम बिक्रीवाट घर सापटी असूल नभए अन्य सम्पत्तिवाट असूल गर्ने ।
- सरकारी बाँकी सरह असुल उपर गर्ने ।
- ऋण लिने सञ्चयकर्ताले कोषबाट पाउने सेवा सुविधाहरु रोक्का गर्न सक्ने ।
- ऋणीको सञ्चयकोषबाट समेत असूल गर्न सक्ने ।

**विविध**

- ऋण लिन चाहने संचयकर्ताले कोषले तोकेको ढाँचाको ऋण दरखास्त फाराम आफ्नो कार्यालयबाट सिफारिस गरी पेश गर्नु पर्ने ।
- मालपोत कार्यालयमा दृष्टिवन्धक धितो पास गर्दा वा रोक्का राख्दा कुनै शुल्क लाग्ने भएमा निवेदक स्वयंले त्यस्तो शुल्क व्यहोर्नु पर्नेछ ।
- सरल चक्र कर्जा स्वीकृति भएको मितिले ६ महिना भित्र लिनु पर्ने छ ।
- एकाघरको सदस्य भन्नाले सञ्चयकर्ताको सगोलको वावु, आमा, पति, पत्नी, छोरा, अविवाहित छोरी तथा विवाहित महिलाको हकमा सासु ससुरालाई सम्झनु पर्दछ ।


**सम्पर्क**

फोन नं : ४२१५२१४

फयाक्स नं : ०१-४२४९५५१

email: Pulchowk@epfnepal.com.np
notice board service
number: 1618014225386
www.epfnepal.com.np

सञ्चयकर्ता कर्जा तथा असूली विभाग

त्रि-देवि मार्ग, ठमेल

# कोषको २०७१ आश्विनतकको वित्तीय विवरण

रु. हजारमा

| विवरण | आ.ब. २०६९/७० वास्तविक | आ.ब.२०७०/७१ अपरिष्कृत | २०७१ आश्विनसम्म |
|---|---|---|---|
| १. कोषको स्रोत | | | |
| सञ्चय कोष | १४०,७०९,८६१ | १६३,५४८,५७५ | १६९,७९६,५८४ |
| जगेडा तथा अन्य कोष | ३,४७७,९९८ | ४,३१४,४०५ | ५,३०८,१५४ |
| अन्य दायित्व तथा व्यवस्था | १,५१५,४९६ | १,८५१,५५६ | १,९३६,५७२ |
| जम्मा | १४५,७०३,३५५ | १६९,७१४,५३६ | १७७,०४१,३१० |
| २. कोषको उपयोग | | | |
| राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | १३,७०३,६८० | १४,१३०,१०५ | १४,१३०,१०५ |
| मुद्दती निक्षेपमा लगानी | २७,८००,००० | २६,६६०,००० | २७,२६७,९११ |
| शेयरमा लगानी | २,१७३,५८७ | २,२२०,५३१ | २,२२८,५३१ |
| परियोजना कर्जा | १५,५६३,८६७ | २४,८६२,२८२ | २७,३०४,२५९ |
| सञ्चयकर्ता सापटी | ७९,७६५,६७८ | ९१,५७६,०५९ | ९८,२५०,३४२ |
| भवन तथा आवास | ३५६,४३६ | ८२०,७१५ | ७०८,८३६ |
| स्थिर सम्पत्ति | ४८०,९८४ | ३२८,८५८ | ४५३,७६३ |
| अन्य सम्पत्ति | ५,८५९,१२३ | ९,११५,९८६ | ६,६९७,५६३ |
| जम्मा | १४५,७०३,३५५ | १६९,७१४,५३६ | १७७,०४१,३१० |


**सम्पादन समूह**

संयोजक लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य माधव कोइराला

सदस्य रोचन श्रेष्ठ

सदस्य जीवनकुमार कटुवाल

सचिव ओजस्वी गौतम



कर्मचारी सञ्चय कोष

केन्द्रीय कार्यालयपुल्चोक, ललितपुर